**आ.व.२०७२/०७३ मा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन एवं खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरु**

<u>जिल्ला, नगर र गाविस अन्तर्गत संचालन गरिने बालमैत्री स्थानीय शासनका कार्यक्रमहरुः</u>

१) भुकम्प अति प्रभावित १४ जिल्ला (सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट, गोरखा, धादिङ, रसुवा, काभ्रे, ललितपुर, भक्तपुर, दोलखा, मकवानपुर, रामेछाप, सिन्धुली, ओखलढुंगा) बाहेकका अन्य सबै ६१ जिल्लाका बालमैत्री घोषणा उन्मुख एक गाविसका गाविस सचिव, सामाजिक परिचालक, बालमैत्री स्थानीय शासन गाउँ समितिका सदस्य, स्थानीय गैसस, र बालमैत्री स्थानीय शासन सम्वन्धी स्थानीय स्तरका अन्य सरोकारवालाको लागि बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि सम्बन्धी २ दिने तालिम संचालन गर्न र बाल भेला संचालनको लागि हरेक जिल्लाका सबै सामाजिक परिचालकहरुलाई २ दिने तालिम दिनका लागि प्रति जिविस रु. १,९१,८०३।- का दरले जम्मा रु. १,१६,९९,९८३।-

२) ताप्लेजुङ (ताप्लेजुङ), फिदिम (पाँचथर), शिवसतासी (झापा), बेलवारी (मोरंग), सुन्दर दुलारी (मोरंग), कोशी हरैचा (मोरंग), म्याङलुङ (तेह्रथुम), हरिवन (सर्लाही), लालवन्दी (सर्लाही), जिरी (दोलखा), पाँचखाल (काभ्रेपलाञ्चोक), काशिखण्ड (काभ्रेपलाञ्चोक), रामेछाप (रामेछाप), महालक्ष्मी (ललितपुर), सूर्यविनायक (ललितपुर), ~~महामञ्जुश्री (भक्तपुर)~~, नगरकोट (भक्तपुर), थाहा (मकवानपुर), वेशीसहर (लमजुङ), सुन्दरबजार (लमजुङ), शुक्लागण्डकी (तनहुँ), बाँसगढी (बर्दिया), देवदह (रुपन्देही), लमही (दाङ), पुर्नवास (कञ्चनपुर) र बेलौरी (कञ्चनपुर) गरी जम्मा २५ नगरपालिकाहरुमा बालमैत्री नगर र बालमैत्री स्थानीय शासन सम्बन्धी नगरस्तरीय अभिमुखिकरण गोष्ठी संचालन गर्नका लागि प्रति नपा रु. १,१०,०००।-का दरले जम्मा रु.२७,५०,०००।-

३) प्रति जिल्ला १ गाविसका दरले भुकम्प अति प्रभावित १४ जिल्ला बाहेकका ६१ जिल्लामा बालमैत्री गाविस घोषणा गर्ने कार्यमा सहयोग पुर्‍याउन बालमैत्री स्थानीय शासन गाउँ समितिको त्रैमासिक वैठक, बालमैत्री स्थानीय गाउँ समितिका पदाधिकारी, गाविस सचिव र राजनैतिक दलका प्रतिनिधिहरुको लागि बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधिका वारेमा अभिमुखिकरण, बालमैत्री सूचक पत्ता लगाउने तरिका सम्वन्धी तालिम,जिम्मेवारी सहितको बालमैत्री गाविस घोषणा कार्ययोजना तयारी,घोषणा उन्मुख गाविसहरुको सूचकको अवस्था पत्ता लगाउने र संयुक्त स्थलगत अनुगमन गर्ने प्रयोजनका लागि प्रति गाविस १,००,०००।-का दरले ६१ जिल्लाका ६१ गाविसका लागि जम्मा रु. ६१,००,०००।-

४) बालमैत्री स्थानीय शासन जिल्ला समितिको चौमासिक वैठक, बालमैत्री स्थानीय शासन प्रवद्र्धन कार्ययोजना तयारी, बालमैत्री प्रगति समीक्षा, र बालमैत्री समितिवाट तोकिएको फर्मेट अनुसार संयुक्त अनुगमन गर्ने प्रयोजनका लागि प्रति जिविस रु ४०,०००।- का दरले ७५ जिविसका लागि जम्मा रु. ३०,००,०००।-

५) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्वीकृत गरेको मापदण्ड अनुसार बाल उद्यान निर्माण गर्न उर्लावारी(मोरङ), ईटहरी(सुनसरी), ईनरुवा(सुनसरी), धनकुटा(धनकुटा), खादँवारी(संखुवासभा), काशिखण्ड(काभ्रेपलाञ्चोक), महालक्ष्मी(ललितपुर), चाँगुनारायण(भक्तपुर), निजगढ(बारा), बीरगंज(पर्सा), रत्ननगर(चितवन), सुन्दरवजार(लमजुङ), बेलौरी(कंचनपुर), गुलरीया(बर्दिया), राजापुर(बर्दिया), तुलसीपुर(दाङ), घोराही(दाङ), वालिङ(स्याङजा), पोखरा(कास्की), रेसुङ्गा (गुल्मी), देवचुली(नवलपरासी), प्यूठान(प्यूठान) का लागि प्रति नपा १० लाख र चौतारा(सिन्धुपाल्चोक), पाँचखाल(काभ्रे), धनगढी(कैलाली) लाई प्रति नपा रु ५ लाखका दरले हुने जम्मा रकम रु.२,३५,००,०००।-

६) वार्षिक रुपमा एक दिने बालभेला संचालन गर्न ७५ वटै जिविसका ३१५७ गाविसका लागि प्रति गाविस रु. ६०००।- का दरले रु.१,८९,४२,०००।- र २१७ नगरपालिकाका लागि प्रति नपा रु. २०,०००।- का दरले ४३,४०,०००।- जम्मा रु. २,३२,८२,०००।-

**<u>शर्तहरुः</u>**

१) उक्त रकम खर्च गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम खर्च गर्नु पर्नेछ ।

२) जिल्ला, नगर र गाविस अन्तर्गत संचालन गरिने बालमैत्री स्थानीय शासन कार्यक्रमहरुको प्रगति विवरणको प्रतिवेदन मन्त्रालयको ग्रामिण विकास समन्वय शाखामा पठाउनु पर्नेछ ।

३) जिविस एवं नगरपालिकाले यस कार्यक्रमको प्रगतिको विवरण Web based reporting system मा समेत प्रविष्ट गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

४) यस कार्यक्रमको प्रगति समिक्षा जिविस, नगरपालिका र गाविसले नियमित रुपमा गर्नु पर्नेछ ।

५) कार्यक्रमको आन्तरीक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण जिविस, नगरपालिकाले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।